# धनुषा जिल्ला अदालतबाट जारी
# सार्वजनिक सूचना

मिति: २०७८।२।१७

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण दरमा क्रमशः सामान्य सुधार देखिएता पनि संक्रमणको चुनौती अझै कायम रहेको हुँदा यस अघि घोषित निषेधाज्ञालाई मिति २०७८।२।१७ गते राति १२:०० बजे देखि लागु हुने गरी मिति २०७८/२/२४ गते राति १२:०० वजे सम्म निरन्तरता दिने गरी जिल्ला प्रशासन कार्यालय धनुषावाट सूचना जारी भएको सन्दर्भमा सो अवधिमा अदालतको कामकारवाही तथा प्रवाह हुने सेवामा संकुचन र स्थगन गर्नुपर्ने भएकोले यस अदालतको मिति २०७८/२/१० मा प्रकाशित सूचना बमोजिमको कामकार्वाहिलाई निरन्तरता दिने गरी मिति २०७८।२।१७ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. म्याद थप, पक्राउ पुर्जी जारी, CDR अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य,
२. अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने,
३. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन दर्ता र सुनुवाई,
४. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको बयान तथा थुनछेकसम्बन्धी कार्य,
५. घरेलु हिंसासम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई,
६. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन दर्ता र सुनुवाई,
७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधासम्बन्धी निवेदन दर्ता र सुनवाई,
८. कैदी पुर्जी सम्बन्धी कार्य,
९. अदालतबाट प्रवाह हुने सेवा संकुचन गरिएको सन्दर्भमा कार्यबोझको आधारमा अदालतको आन्तरिक व्यवस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने ।

०७८।२।१७
ओरतेजार
(उप-सचिव)